कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१(खरिद तथा जिन्सी उपशाखा)

च.नं.:

**विषय : विपद व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना**

**(दोस्रो पटक प्रकाशित मिति : २०८१/०३/२८)**

मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद व्यवस्थापन (सडक संचालन तथा बस्ती संरक्षण)को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही तपसिलको स्पेशिफिकेशन अनुसारका देहायका उपकरणहरु भाडामा (सम्पूर्ण ब्यबस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाणपत्र, आ.ब.०७९/०८० को कर चुक्ताको प्रमाणपत्र, प्यान/भ्याट दर्ता लगायतका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा नगरपालिकाले उपलब्ध गराएको फारममा सम्वन्धित वडा अध्यक्ष र नगर प्रहरीले प्रमाणित गरेको लगबुकको आधारमा प्रत्येक महिना बिल उपलब्ध गराइनेछ ।

२. प्रत्येक पटक गर्ने कार्यको नगरपालिकाबाट लिखित कार्यदिश लिनुपर्नेछ ।तर तत्काल कार्यदिश लिन सम्भव भएको नभएमा पछि कार्यदिश लिने गरी नगर प्रहरी प्रमुखको समन्वयमा काम गर्न सकिनेछ ।

३. मेशिन प्रयोग गरे बापत निर्माण ब्यवसायीले प्रति घण्टा ८(आठ)लिटर डिजेल बापतको रकम समेत दाबी गर्न पाउनेछ तर सो को नियमानुसार भ्याटबिल अनिवार्य पेश गर्नु पर्ने छ।

४. इच्छुक निर्माण व्यवसायीले सम्झौता भएको मिति देखि असोज मसान्तसम्म उल्लेख गरिएका उपकरण कार्यालयले खोजेका बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ ।

५. विपद व्यवस्थापनको कार्य नगर क्षेत्र भित्रका १५ वटै वडामा तोकिएको समय र स्थानमा गर्नुपर्नेछ ।

६. इच्छुक निर्माण व्यवसायीले दुई थान Backhoe Loader (Wheeled) कार्यालयलाई आवश्यक परेको बेला तत्काल उपलब्ध गराउने गरी तयारी अवस्थामा राख्नुपर्नेछ ।

७. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत संभारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै ब्यबस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि नगरपालिका समक्ष कुनै दावी गर्न पाइने छैन ।

८. चालक र मेशीनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद व्यवस्थापनको कार्य गर्दा कुनै दूर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सो को सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ ।

९. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ३०,००० (अक्षरुपी तीस हजार रुपैयाँ मात्र) बराबरको रकम यस नगरपालिकाको कृर्षि बिकास बैंकमा रहेको खाता नं ०७२०५०१०००२३५२१७ मा धरौटी जम्मा गर्नुपर्नेछ ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, store.admin@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np www.facebook.com/kohalpurmun www.twitter.com/kohalpurmun

१०. सबैभन्दा कम दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु ५०,००० ( अक्षरुपी पचास हजार रुपैयाँ मात्र) नगदै वा ४ महिना अवधिको कार्यसम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । निर्माण व्यवसायीले सम्झौता अवधिमा तोकिएको समयमा उपकरण उपलब्ध गराउन नसकेमा वा सन्तोषजनक काम गर्न नसकेमा निजसँग गरिएको यो सम्झौता रद्द गरी कार्यसम्पादन जमानत बापत राखेको रकमबाट बिपद व्यवस्थापन कार्य गरिनेछ ।

११. नियमानुसार सूचना प्रकाशित भएको मितिले सातौं दिन कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ ।यसरी दर्ता हुन आएका प्रस्तावपत्र आठौं दिनको १ बजे प्रस्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्तावपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

१२. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन ।

१३. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले पेश गरेको दररेट मध्ये सबैभन्दा कम दररेट पेश गर्ने निर्माण व्यवसायीको दररेट स्वीकृत गरिनेछ ।

१४. खामबन्दी दररेटसाथ फर्म दर्ताको प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र, स्थायी लेखा दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र र मेशिन सम्वन्धी सम्पूर्ण कागजात अनिवार्य पेश गर्नुपर्नेछ ।

१५. दररेट प्रस्ताव फाराम यस कार्यालयको वेबसाइट www.kohalpurmun.gov.np बाट download गर्न सकिनेछ ।

१६. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| क्र.स. | बिवरण | परिमाण | स्पेशिफिकेशन | अधिकतम दर रेट (VAT समेत) |
|---|---|---|---|---|
| १ | Backhoe Loader (Wheeled) With Fuel | १थान | Capacity: 90 HP or above | रू. २४२२ प्रति घण्टा |

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि तथा तथ्याङ्क उप शाखा : वेवसाईटमा अपलोड गरिदिन हुन ।

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८०/०८१(खरिद तथा जिन्सी उपशाखा)
च.नं.:

## विपद व्यवस्थापन कार्यका लागि आवश्यक उपकरणको दररेट प्रस्ताव फाराम

श्री कोहलपुर नगर कार्यपालिकाको कार्यालय
कोहलपुर बाँके ।

विषय: दररेट पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा मनसूनजन्य विपदका कारण हुन सक्ने सम्भावित क्षति कम गरी विपद् व्यवस्थापनको कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही हुने गरी तपसिलको स्पेशिफिकेशन अनुसारका देहायको उपकरण भाडामा (सम्पूर्ण व्यबस्थापन सहित) उपलव्ध गराउन मिति २०८१/०३/२८ गते प्रकाशित सूचना अनुसार दररेट पेश गर्न इच्छुक भएकोले रु ३०,००० (तीस हजार रुपैया मात्र) धरौटी बापत जम्मा गरेको सक्कलै भौचर र अन्य आवश्यक कागजातहरु संलग्न गरी दररेट प्रस्ताव सिलबन्दी गरी पेश गरेको छु ।

| क्र.स. | मेसिनको बिवरण | परिमाण | स्पेशिफिकेशन | कबोल गरेको दररेट प्रति मेशिन ( VAT सहित) (रू. /घण्टा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १ | Backhoe Loader (Wheeled) with Fuel | १ थान | Capacity: 90 HP or above | | |

प्रस्ताव पेश गर्ने फर्मको नाम : हस्ताक्षर/छाप:

संचालकको नाम:

बुवाको नाम:

बाजेको नाम:

ठेगाना:

सम्पर्क नं.: मिति: